**डुङ्गेश्वर गाउँपालिका र विषयगत कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक अवधीभर प्रवाह गरिएको गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिताका र आर्थिक बर्ष २०८२/०८३ को वार्षिक योजना कार्यक्रम तथा बजेट विषयक**

# सार्वजनिक सुनूवाई कार्यक्रमको प्रतिवेदन




२०८३ साउन १५ गते

**पेश गर्ने**

के.ए.मल्टिमिडिया प्रा.ली, दैलेख

**पेश गरिएको निकाय**

डुङ्गेश्वर गाउँपालिकाको कार्यालय, दैलेख

## १.पृष्ठभूमि :

नेपाल सरकारले जारी गरेको स्थानीय निकायका लागि सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ अनुसार स्थानीय निकायबाट सञ्चालित विकास कार्यक्रम, बस्तु, सेवा, र सुविधाको प्रभावकारिता सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राहीले उठाएका जिज्ञासा, पिर मर्का, गुँनासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई पृष्ठपोषणको रूपमा ग्रहण गर्न तथा जिम्मेवार पूर्ण संस्कार बसाउनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रमको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । पछिल्ला दिनहरूमा विकसित हुँदै गएको र अनिवार्य लागु गर्नुपर्ने अभियान भित्र परेको सार्वजनिक सुनुवाइले धेरै परिवर्तनका पहलहरू सुरु गरेको छ । गाउँमा सिंहदरबार आएको र सिंहदरबार बाटै जनतालाई सहज सेवा बिस्तार गर्ने अभियान अन्तरगत सञ्चालन भएका स्थानीय सरकारहरूले अहिले आफ्ना कामहरूको पारदर्शिता अभियानलाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाइ कार्यक्रमलाई तीव्रता दिएका छन् । सार्वजनिक सुनुवाइमा गरिएका प्रतिबद्धताहरू कार्यान्वयनको अवस्थाको सामान्य विश्लेषण गर्ने हो भने पनि यसले दैलेखमा राम्रो प्रभाव पारेको छ । नेपाल सरकारले सुशासन ऐन, २०६४ तथा नियमावली, २०६५ जारी गरी सुशासन प्रवर्द्धनका निमित्त नीतिगत रूपमा विषयगत कार्यालय र स्थानीय निकायलाई यसको कार्यान्वयनका लागि अभ्यास गर्न अनिवार्य गरिरहेको छ साथै नागरिकहरूले सार्वजनिक सेवाको बारेमा जानकारी प्राप्त गर्न लागि सूचनाको हक सम्बन्धित ऐन २०६४ समेत जारी भई कार्यान्वयनमा समेत आएको छ । भगवतीमाई गाउँपालिकाले भगवतीमाई गाउंपालिकाको सेवा प्रवाहलाई पारदर्शी,उत्तरदायी र जवाफदेहि बनाउँन नीती योजना तथा कार्यक्रमको कार्यान्वयनको प्रक्रिया प्राप्त उपलब्धी र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मुल्याङकन गरी नीती तथा योजना प्रक्रियामा सुधार गर्न सार्वजनिक कोषको अत्युत्तम परिचालन अपेक्षित उदेश्य प्राप्तीको सुनिश्चितता गर्न जनप्रतिनिधि र कर्मचारीलाई थप जिम्मेवार बनाएर सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५)को प्रयोजनको लागी भगवतीमाई गाउंपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भगवतीमाई गाउँपालिका सुशासन प्रवर्द्धन कार्यविधि २०७८ जारी गरी कायान्वयनमा समेत ल्याएको छ । सार्वजनिक बस्तु, सेवा र सुविधाहरूको गुणस्तर र प्रभावकारीताका बारेमा नागरिकहरूले भोगेका पिर, मर्का, गुनासा, प्रतिक्रियाका साथै आगामी दिनमा बस्तु, सेवा र सुविधाको प्रबाहका लागि नागरिकहरूका रचनात्मक सुझाव र सल्लाह संकलन मार्फत सेवामा प्रभावकारिता अभिवृद्धिका लागी गरेका प्रयासलाई निरन्तरता दिन आवश्यक देखिन्छ । डुङ्गेश्वर गाउँपालिका र विषयगत कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक अवधीभर प्रवाह गरिएको गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिताका र आर्थिक बर्ष २०८२/०८३ को वार्षिक योजना कार्यक्रम तथा बजेटका विषयमा खुला छलफल मार्फत सरोकारवालालाई जानकारी दिने, खुला मञ्चमा साझा सवालहरूमा बहस पैरवी गर्ने पद्धतिको विकास गर्नका लागी सार्वजनिक सुनुवाई सम्पन्न भएको छ। यसले आपसी अविश्वास र बेमेलका सवालहरू न्यूनीकरण भएको छ ।

## २.कार्यक्रमको उद्देश्य :

- गाउँपालिकाले आर्थिक वर्ष भरी सम्पन्न गरेका काम कारबाहीबारे स्थानीयबासीहरुलाई जानकारी गराउने ।
- विषयगत कार्यालयले प्रदान गर्ने सेवा र सुविधाका बारेमा खुला रूपमा छलफल/बहस गर्ने ।
- गाउँपालिका र अन्य कार्यालयसँग सम्बन्धित गुनासोहरू सुनुवाइ गरी गुनासो व्यवस्थापन गर्ने ।
- सरकारी निकायले प्रदान गर्ने सेवा, सुविधाको प्रभावकारिताका बारेमा पृष्ठपोषण लिने ।
- वार्षिक गतिबिधिहरुको समीक्षा गरी भावी कार्य योजनाका लागि सुझाव संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासो र प्रश्नहरूको सुनुवाइ गर्न साझा सार्वजनिक प्रतिबद्धताको घोषणा गर्ने र सो को कार्यान्वयन गराउने ।
- नागरिकको सही सूचना प्राप्त गर्ने हकको प्रत्याभूति गराउने ।
- सरकार जनताप्रति जबाफदेही छ भने नागरिकलाई प्रत्याभूति दिलाउने ।
- नागरिकहरू खुल्ला रूपमा पिर मर्का र गुनासो पोख्न सक्ने ।
- समस्या समाधानका उपायहरू खुल्ला मैदानमै खोजिने ।
- प्रतिबद्धतालाई कार्यान्वयनमा लैजाने ।

## ३. सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनका क्रममा अवलम्बन गरिएका विधिहरू :

डुङ्गेश्वर गाउँपालिका र विषयगत कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक अवधीभर प्रवाह गरिएको गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिताका र आर्थिक बर्ष २०८२/०८३ को वार्षिक योजना कार्यक्रम तथा बजेटका विषयमासुशासन ऐन, नियमावली र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधिमा भएका नीतिगत प्रावधानहरूको अधिकतम पालना एवं कार्यान्वयन सार्वजनिक सुनुवाइ सम्पन्न गरिएको छ सुनुवाईलाई अझै प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि तपसिल अनुसारका विधि र प्रक्रियाहरूको पूर्णतः अवलम्बन गरिएको थियो ।

- **सार्वजनिक सूचना तथा प्रचार-प्रसार**
- **सहभागिता सुनिश्चितता**

- **सेवा तथा कार्यसम्पादनबारे जानकारी**
- **प्रत्यक्ष प्रश्नोत्तर**
- **सुझाव तथा प्रतिक्रिया संकलन**
- **पारदर्शिता र जवाफदेहिता**
- **अभिलेखीकरण**
- **प्रतिबद्धता तथा कार्यान्वयन**

**क) सहजकर्ता छनौट तथा सम्झौताः**

डुङ्गेश्वर गाउँपालिका र विषयगत कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक अवधीभर प्रवाह गरिएको गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिताका र आर्थिक बर्ष २०८२/०८३ को वार्षिक योजना कार्यक्रम तथा बजेटका विषयमा सार्वजनिक सुनूवाई कार्यक्रमका लागी प्रस्ताव आह्वान गरिएको थियो । प्रस्ताव आह्वान पश्चात के.ए.मल्टिमिडिया प्रा.ली बीरेन्द्रनगर १२ सुर्खेतले आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गरे पश्चात फर्म छनोट गरिएको थियो । उक्त फर्मका संचालक तथा दैलेख जिल्लामा विगत डेढ दशक देखी पत्रकारिता मार्फत सुशासन र सामाजिक जबाफदेहिता प्रबर्द्धनमा सञ्चार माध्यमद्वारा टेवा पुराउँदै आउनुभएका गोरखापत्र राष्ट्रिय दैनिकका जिल्ला समाचारदाता नेपाल पत्रकार महासंघ दैलेखका अध्यक्ष कमल शर्मा , नेपालपत्रकार महासंघ दैलेख कार्यसमिति सदस्य,सौर्य दैनिकक्का प्रतिनिधि कृष्णकमल अधिकारी द्वारा कार्यक्रमको सहजीकरण भएको थियो ।

**ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाइ गराउनु पर्ने व्यवस्था गरी कानुनी व्यवस्था गरिएको छ । ऐनमा सर्वसाधारणलाई सेवा प्रदान गर्ने संघिय,प्रदेश तथा जिल्ला र स्थानीय स्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम कारबाहिलाई स्वच्छ, पारदर्शी र बस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाका विधि सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइ गराउनु पर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक

समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गर्नु पर्ने अनिवार्य व्यवस्था अनुसार सार्वजनिक सुनुवाइमा जिम्मेवार सबै निकायहरूको उपस्थिति गराइएको थियो ।

त्यसै गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तीमा एउटा गरी वर्षमा ३ वटा अनिवार्य सार्वजनिक सुनुवाइ गर्नु पर्ने व्यवस्था गरेको छ । सो नियमावलीले सार्वजनिक कार्यालयबाट सेवाग्राहीलाई दिइने बस्तु, सेवा सुविधाको जानकारी दिनुपर्ने, कार्यालयसँग सम्बन्धित समय, जनगुनासो तथा उजुरी संकलन गर्नु पर्ने, कार्यालयबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको बजेटको जानकारी दिनु पर्ने, सेवाका सकारात्मक तथा नकारात्मक प्रभावबारे सुझाव संकलन गर्नु पर्ने तथा पहिलो आयोजित सुनुवाइमा गरिएका प्रतिवद्धताहरु पुरा भए नभएका बारेमा नागरिकलाई जानकारी दिनुपर्ने व्यवस्था गरिए अनुसारका अन्य विभिन्न ऐन नियम र निर्देशिकामा उल्लेख गरिएका प्रावधानहरूको विस्तृत रूपमा अध्ययन गरिएको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि कार्यविधिमा उल्लेख भएका विधि र प्रक्रियाहरूको पूर्णतः पालना गर्दै कार्यक्रमलाई सहजीकरण गर्ने प्रयास गरिएको थियो ।

**ग) सार्वजनिक सुनुवाईको लागि सूचना तथा प्रचार प्रसार :**

- सुचना प्रशारण
- सुचना टाँस
- फोन मार्फत जानकारी
- माइकिङ
- वइभसाईडमा सुचना प्रकाशन

**च) सार्वजनिक सुनुवाईमा उठान भएका मुख्य सवालहरु :**

सार्वजनिक सुनवाईमा उठेका मुख्य सवालहरु कार्यविधिले तोकेको ढाँचा अनुसार अनुसूची २ मा उल्लेख गरिएको छ ।

### छ) प्रतिवद्धताहरूको सार्वजनिक करण :

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि उठेका सवाल वा विषयहरू र सोधिएका प्रश्नहरूका बारेमा जबाफदेही बक्ताहरूले दिएका उत्तरहरू र गरेका बाचाहरूलाई प्रतिबद्धताको रूपमा लिपिबद्ध गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका विभिन्न सवालहरूमा विस्तृत छलफल पश्चात् छ बुँदे प्रतिबद्धता गरिएको छ। उक्त प्रतिवद्धताहरुलाई प्रतिवेदनमा उल्लेख गरिएको छ। प्रतिविद्धताको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ४. सेवाग्राहीहरुको उपस्थिति संख्या :

जबाफदेहीवक्ता र नागरिकहरु गरी १०४ जना उपस्थिति रहेको थियो। विषयगत कार्यालयका प्रमुखहरु र विभिन्न गैर सरकारी संघ संस्थाहरुको सामान्य उपस्थिति रहेको थियो। उपस्थिति माइन्यूटको प्रतिलिपि **अनुसूची ४ मा** उल्लेख गरिएको छ ।

## ५. जबाफदेही वक्ताहरूको उपस्थिति :

डुगेश्वर गाउँपालिकाको आयोजना गरेको सार्वजनिक सुनूवाई कार्यक्रममा सहभागी जवाफदेहिबक्ताहरुको उपस्थिती उल्लेख गरिएको छ।

| क्र.स | नम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सुन्दर कुमार केसी | गाउँपालिका अध्यक्ष | |
| २ | कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्रीशमसेर राना | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्याम बहादुर राना | वडाध्यक्ष वडा नः १ | |
| ५ | यामबहादुर बिष्ट | वडाध्यक्ष वडा नः २ | |
| ६ | कृष्ण बहादुर खत्री | वडाध्यक्ष वडा नः ३ | |
| ७ | नगेन्द्र बहादुर बुढा | वडाध्यक्ष वडा नः ४ | |
| ८ | पर्वलाल शर्मा | वडाध्यक्ष वडा नः ५ | |
| ९ | मान बहादुर थापा | वडाध्यक्ष वडा नः ६ | |
| १० | बिष्णु प्रसाद शर्मा | आर्थिक प्रशासन शाखा | |
| ११ | देबेन्द्र खड्का | योजना शाखा | |
| १२ | मनबहादुर गौत्तम | शिक्षा शाखा | |
| १३ | रणबहादुर केसी | प्रशासन शाखा प्रमुख | |
| १४ | लक्ष्मण खत्री | स्वास्थ्य शाखा | |
| १५ | भरत बिष्ट | प्राविधिक शाखा प्रमुख इन्जिनिएर | |
| १६ | तेज कुमारी रेग्मी | महिला बालबालिका तथा जष्ठे, शाखा | |

| | | | |
|---|---|---|---|
| १७ | बिमला बिष्ट | कृषि शाखा | |
| १८ | दिगम्बर जोशी | पशु विकास शाखा | |

गाउँपालिका स्तरीय सार्वजनिक सूनूवाई कार्यक्रममा गाउँ सभा सदस्य,कार्यपालिका सदस्य,गाउँपालिकामा रहेका क्रियाशील राजनैतिक दलको समेत उपस्थितति रहेको थियो । पालिकामा कार्यक्षेत्र रहेको सरकारी तथा गैर सरकारी एवम विकास साझेदार संस्था र कार्यक्रमका प्रमुख तथा प्रतिनिधिहरूको पनि सहभागिता सामान्य रहेको थियो ।

**७. सबल पक्षहरू :**

- गाउँपालिकाले सार्वजनिक सुनूवाई कार्यक्रम निरन्तर सुनुवाई गर्ने गरेको
- सार्वजनिक सुनुवाई कार्यक्रमको महत्त्व र अनिवार्य गर्नु पर्ने कुरालाई प्राथमिकता राखेको ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा बृहत् सहभागीताका लागी स्थानीय सञ्चार माध्यमको प्रयोग  गरिएको छ ।
- अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएको प्रतिबद्धाहरुको कार्यान्वयन पक्षका विषयमा गम्भीर छलफल ।
- गाउँपालिका र विषयगत कार्यालयबाट दिइने सेवा सुविधाहरूको बारेमा नागरिकहरूले खुलेरै कुरा राख्ने अवसर प्राप्त गरेको छन् ।
- गाउँपालिकामा देखिएको बेरुजु समस्या लाई समाधान गर्ने तर्फ उन्मुख भएको देखिन्छ
- टोल विकास समितिलाई गुणस्तरीय विकासका लागी अभिमुखीकरण गरिएको छ ।
- नागरिकका गुनासोलाई ध्यान पुर्वक सनेर त्यसको कार्यान्वयनका लागी प्रयास गरिएको छ ।
- सामाजिक कुसस्कार र कुरीती,भ्रष्ट्राचार जन्य कुराहरुलाई निश्तेज पार्न जनप्रतिनिधि र कर्मचारीनै लागि गरेको ।

**८. सुधारका लागि सुझाव :**

- सार्वजनिक सुनुवाई गर्नुपुर्व यस अघि सञ्चालन गरिएको सार्वजनिक सुनुवाइमा गरिएका प्रतिबद्धताहरूको पुनरावलोकन गर्नुपर्ने कुरालाई निरन्तरता सँगै कार्यान्वयन जरुरी ।
- विगतका सार्वजनिक सुनुवाईमा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्दै लैजानुपर्ने कुरालाई महत्त्वका साथ अगाडी बढाउनुपर्ने देखिन्छ ।
- दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन ।
- कार्यालयमा कर्मचारी नभेटिने समस्या समाधान गर्नु पर्ने ।
- रिक्त रहेका कर्मचारीको पदपुर्तीका लागी पहलन गर्नु पर्ने ।
- सार्वजनिक सुनुवाईमा उठेका सवाललाई कार्यान्वयन गर्नका लागि, गाउँपालिका अध्यक्ष,उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुखले बिशेष जिम्मेवारी बहन गर्नु पर्ने ।
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा प्रावधान भए अनुसार लक्षित वर्गको क्षेत्रमा बजेट विनियोजन गर्दा वडा बाट योजना प्राथमिकताका साथ ल्याउनु पर्ने सुझावलाई ग्रहण गर्नु पर्ने ।
- गाउँपालिका बाट सञ्चालन भएका योजनाहरूमा होर्डिङ बोर्डको व्यवस्था गर्नु पर्ने ।
- गाउँपालिका बाट सञ्चालन हुने योजनाहरू र बजेटका विषयमा नागरिकहरूलाई जानकारी गराउने ।
- योजनाको अनिवार्य सार्वजनिक सुनुवाई वा सामाजिक परीक्षण लाई अनिवार्य गर्नु पर्ने ।
- गाउँपालिकामा सुझाव पेटिकालाई सबै जनताले देख्ने गरी राख्नु पर्ने ।
- सार्वजनिक सुनुवाई जनताका गुनासा सुन्ने र साझा चौतारीमा सहजता खोज्ने महत्त्वपूर्ण स्थान भएकोले सम्बन्धित जिम्मेवार निकायहरूको उपस्थिति अनिवार्य गराउनु पर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा आएका सुझावलाई ग्रहण गर्नु पर्ने ।
- नागरिकका् सहभागीता बृद्धि गर्नु पर्ने ।

## १० निष्कर्ष :

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को मर्म अनुरूप हरेक स्थानीय निकायहरूले तोकिएका कामकार्वाहीहरु सम्पादन गर्नु पर्ने देखिन्छ । स्थानीय निकायहरूमा निर्वाचित जनप्रतिनिधि बहाल नरहेको वर्तमान अवस्थामा स्थानीय निकायमा राष्ट्रसेवक कर्मचारी र स्थानीय स्तरमा दलगत सहमतिको आधारमा विकास निर्माणका क्रियाकलापहरू सञ्चालन भइरहेको अवस्था विद्यमान छ । जनताको नजिकमा निर्वाचित प्रतिनिधिहरू नभएको वर्तमान अवस्थामा योजनाको पहिचान, छनौट र कार्यान्वयन प्रक्रियामा नागरिकको सहभागिताको सँगसँगै खबरदारी हुनु पनि जरुरी छ । विभिन्न विशेष कार्यक्रम भनेर जिल्लामा आएका करोडौँका रकमहरूको खबरदारीका लागि सम्बन्धित सरोकारवाला निकायहरूले समयमै कामको गुणस्तरीयतालाई ध्यान दिनुपर्ने देखिन्छ ।

विशेष गरेर  संघ र प्रदेश सरकार बाट प्राप्त भएका योजनाहरु कहा र कसरी संञ्चालन भएका योजनाहरुका विषयमा गाउँपालिकालाई कुनै जानकारी नुहने समस्या देखिएको छ । योजना कसले हाल्ने र कसले निर्माण गरेको भन्ने जानकारी समेत त्यहाका जनप्रतिनिधि र कर्मचारीलाई सिफारिस लिँदा मात्र जानकारी हुने समस्या देखिएकाले त्यस तर्फ प्रदेश सरकार वा सम्बन्धित निकायले अली जिम्मेवार बन्नु पर्ने देखिएको छ ।

यसर्थ स्थानीय निकायमा भइरहेको कामकार्वाहीहरुमा पारदर्शिता र सेवा स्तर नागरिक सम्म पुगे नपुगेको मापन गर्ने साधनको रूपमा सार्वजनिक सुनुवाइलाई एक महत्त्वपूर्ण औजारका रूपमा हासिल गर्न सकिन्छ । जसले स्थानीय निकायमा हुने नियमित काम कार्वाहीहरुको सुधार गर्ने अवसरको सृजना गर्नुका साथै सेवामा पारदर्शिता कायम गर्ने अभ्यासलाई नियमितता दिन प्रोत्साहित गर्नु पर्ने देखिन्छ । साथै यस प्रक्रियाबाट सेवाग्राहीहरूका लागि पनि सेवा प्रदायक संस्था प्रतिको उत्तरदायित्वको समेत बोध हुने मौका प्रदान गर्ने वातावरणको सहज सृजना हुने देखिन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन पश्चात गरिएका प्रतिबद्धा कार्यन्वयन गरेको खण्डमा सार्वजनिक सुनुवाई सम्बन्धी नागरिकको धारणा समेत परिवर्तन हुने हुन्छ । प्रतिबद्धता गर्ने र कार्यन्वयन नगर्ने हो नागरिकले नागरिकलाई झुक्याउन मात्र कार्यक्रम गर्न खोजिएको बुझाई रहने हुँदा प्रतिबद्धता कार्यन्वयन कार्यन्वयन गर्न गाउँपालिकाका जनप्रतिनिधि,कर्मचारी,सरोकारवाला निकाय सबैको  भुमिका महत्वपुर्ण रहेकोछ

**सार्बजनिक सुनुवाइ कार्यक्रमका लागि प्रस्तावित बजेट र यथार्थ खर्चको विवरण :**

डुङ्गेश्वर गाउँपालिका र विषयगत कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक अवधीभर प्रवाह गरिएको  गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिताका र आर्थिक बर्ष २०८२/०८३ को वार्षिक योजना कार्यक्रम तथा बजेटका विषयमा गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम गर्न  प्रस्ताव गरिए अनुसार तपसिल अनुसारको बजेट खर्च भएको छ ।

| क.सं | विवरण | इकाई | पस्तावित रकम | | | यथार्थ खर्च | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | |
| 1 | सहजकर्ताको पारिश्रमिक | जना | 1 | 9000 | 9000 | 1 | 6000 | 6000 | |
| 2 | सहायक सहजकर्ता | जना | 1 | 6000 | 6000 | 1 | 3500 | 3200 | |
| 3 | स्वयंसेवक परिचालन | जना | 2 | - | - | 2 | 1500 | 3000 | |
| 4 | संचार -सूचना प्रसारण) | पटक | 9 | 200 | 1800 | 15 | 200 | 3000 | |
| 5 | ब्यानर ठुलो रंगिनमा फेलेक्स प्रिन्ट | वटा | 2 | 800 | 1600 | 2 | 1000 | 2000 | |
| 6 | प्रतिबेदन,स्टेशनरी | | 1 | 3000 | 3000 | 1 | 3200 | 3200 | |
| 7 | यातायात | एक पटक | 1 | 5000 | 5000 | 1 | 8000 | 6000 | |
| | **जम्मा** | | | | **26400** | | | **26400** | |
| | | | | ***vat*** | **3432** | | | **3432** | |
| | | | | **जम्मा** | **29,832** | | | **29832** | |
| **जम्मा** | | | | | | | | | |

अनुसुची २

*दुगेश्वर गाउँकार्यपालिकाको कार्यालय, दैलेख र विषयगत कार्यालयबाट प्रवाह गरिएको गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिता"* विषयक सार्वजनिक सुनुवाई कार्यक्रमको

## साझा सार्वजनिक प्रतिवद्धताको घोषणा

२०८३ साउन १५ गते

स्थानीय निकाय लगायत सार्वजनिक निकाय वा संस्थाहरुले प्रवाह गर्ने बस्तु, सेवा र सुविधाको प्रभावकारिताका बारेमा सरोकारवालाहरुलाई जानकारी दिने, खुला मञ्चमा साझा सवालहरुमा बहस, पैरबी गर्ने पद्धतिको विकास गर्ने, लक्षित वर्ग र सेवाग्राही प्रति जबाफदेहि र पारदर्शि भएको बोध गराउने, पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासन यन्त्र, सहभागितामुलक पद्धति र निर्बाध रुपमा सूचनाको पहुंचको प्रत्याभुति गराउन, समुदायको लागि गरिएका कार्यहरुमा समुदायको अपनत्वको भावना जागृत गराउन, अधिकारवाला र सर्वसाधारण नागरिकका बीच आपसी अविस्वास, असन्तुष्टि र बेमेलका कुराहरुका बारेमा खुला छलफल गरी अविस्वासको दुरीलाई घटाउने, समुदायको पहरेदारी बृद्धि गराउने र सार्वजनिक सेवा प्रबाहलाई चुस्त, दुरुस्त पार्नका लागि पृष्ठपोषण लिने उद्धेश्यका साथ आज मिति **२०८३ साउन १५** गतेका दिन ***दुगेश्वर*** **गाउाकार्यपालिकाको कार्यालयको आयोजनामा के.ए.मल्टिमिडिया प्रा.ली बीरेन्द्रनगर १२ सुर्खेतको सहजीकरणमा गाउापालिका र विषयगत कार्यालयबाट आर्थिक वर्ष ०८२/०८३ को तेस्रो चौमासिक अवधीमा प्रवाह गरिएको गुणस्रीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिता** विषयक सार्वजनिक सुनुवाई कार्यक्रममा दैलेख जिल्लामा १५ वर्ष देखी निरन्तर पत्रकारिता तथा सुशासनका क्षेत्रमा काम गरिरहनुभएका पत्रकार तथा सुशासन अभियानकता कमल शर्मा र सहायक सहजकर्ता कृष्णकमल अधिकारीको सहजिकरणमा सम्पन्न भयो । कार्यक्रममा १०५...... जना भन्दा बढी सरोकारवाला र सहभागिहरु बीच बृहत् रुपमा खुला छलफल गरी तपसिल बमोजिमका साझा प्रतिवद्धताहरुको घोषणा गरेका छौ । यी साझा प्रतिवद्धताहरुको कार्यान्वयन गर्नुलाई हामीले आफ्नो पूर्ण जबाफदेहिता ठानेका छौ ।

प्रतिवद्धताहरु तपसिल

प्रतिवद्धता नं. १: दुर्गेश्वर गाउपालिकामा रहेका विद्यालयहरुको शैक्षिक प्रगती तथा उन्नयनका लागी गाँउपालिकाले निर्माण गरेको स्थानिय शिक्षा नीति बमोजिम शिक्षण सिकाई सुधारका लागी प्रधानाध्यापक संग कार्य सम्पादन सम्झौता गर्ने, शिक्षक दरबन्दि मिलान कार्यलाई सबै सरोकारवाला निकायको समन्वयमा समिति दरबन्दि मिलान गरी २ वटा विद्यालय समायोजनका लागी पहल गर्ने प्रतिवद्धता गर्दछौं ।



प्रतिवद्धता नं. २: दुर्गेश्वर गाउँपालिकाले आर्थिक वर्ष २०८३।०८४ मा सन्चालन तथा प्रवाह गरिएको सेवा सुविधाको प्रभावकारिता लाई अझै व्यवस्थित र प्रभावकारी बनाउन लागी प्रतिवद्धता गर्दछौं।

प्रतिवद्धता नं. ३: दुर्गेश्वर गाँउपालिकामा सन्चालन भएको उपाध्यक्ष संग छात्रवृत्ति कार्यक्रमलाई अझै प्रभावकारी व्यवस्थित बनाई गाँउपालिकामा विज्ञान विषय अध्ययन गराउनका लागी ~~शिक्षा जनसहयोग माध्यमिक विद्यालयमा~~ र इच्छुक समेत भएकाहरुको सहभागमा विज्ञान विषय अध्ययनका लागी आर्थिक वर्ष २०८३।०८४ मा पहल गर्ने प्रतिवद्धता गर्दछौं।

प्रतिवद्धता नं. ४: दुर्गेश्वर गाँउपालिकामा सन्चालन हुने योजनाहरुलाई आर्थिक वर्ष २०८३।०८४ मा समयमै अगाडि बढाई विद्युत निर्माण लगायत सेवा प्रवाह चुस्तदुरुस्त बनाउने प्रतिवद्धता गर्दछौं।

प्रतिवद्धता नं. ५: दुर्गेश्वर गाँउपालिकाले गर्ने सार्वजनिक सुनुवाई कार्यक्रम सन्चालन गर्दा नागरिकको सहभागिता न्युन रहने समस्यालाई समाधान गर्नका लागी सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउने सवालमा वडास्तर बाटै सार्वजनिक सुनुवाई गर्ने प्रतिवद्धता गर्दछौं।

प्रतिवद्धता नं. ६: दुर्गेश्वर गाउपालिका वडा नं. ६मा निर्माधिन शरद हाईड्रोमा गाँउपालिकाले शेयर बापत ४१ लाख रुपैया लगानी गरिएको अवस्था विद्यमान छ। अहिले उक्त हाइड्रो लिलाम भई अन्यले खरिद गरी सकेको अवस्थामा गाँउपालिकाले लगानी गरेको ४१ लाख रुपैया लाई शेयर वा फिर्ताका सर्दभमा पहल गर्ने प्रतिवद्धता गर्दछौं।

आज २०८३ साल श्रावण १५ गते शुक्रवारका दुङ्गेश्वर गाउँपालिका कार्यालयबाट सम्पादन भएका योजना, कार्यक्रम, बजेट, सेवा प्रवाहको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाइ कार्यक्रम तपसिलको उपस्थितिमा र के.ए. मल्टीमिडिया प्रा. लि. वीरेन्द्रनगर १२ सुर्खेतको संयोजकत्वमा सञ्चालन भएको छ।

उपस्थिति

| | | |
|---|---|---|
| १ | श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| २ | श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३ | श्री श्रीसमशेर रानामगर | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | श्री श्याम बहादुर रानामगर | १ नं. वडा अध्यक्ष |
| ५ | श्री यम बहादुर विष्ट | २ नं. वडा अध्यक्ष |
| ६ | श्री कृष्ण बहादुर खत्री | ३ नं. वडा अध्यक्ष |
| ७ | श्री नगेन्द्र बहादुर बुढा | ४ नं. वडा अध्यक्ष |
| ८ | श्री पर्वलाल शर्मा जैसी | ५ नं. वडा अध्यक्ष |
| ९ | श्री ~~मुक्ता~~ भक्त बहादुर थापा | ६ नं. वडा अध्यक्ष |
| १० | श्री कमला विक | कार्यपालिका सदस्य |
| ११ | श्री शान्ती बुढा | कार्यपालिका सदस्य |
| १२ | श्री चन्द्रा विक | कार्यपालिका सदस्य |
| १३ | श्री खिमा उपाध्याय | कार्यपालिका सदस्य |
| १४ | श्री मनबहादुर गौतम - शिक्षा शाखा प्रमुख | |
| १५ | श्री भरत विष्ट - इन्जिनियर | |
| १६ | श्री मोहन कुमार बस्नेत | ३ नं. वडा सचिव |
| १७ | देवेन्द्र खड्का → योजना अधिकृत | |
| १८ | प्रियंका शर्मा - लेखा अधिकृत | |
| १९ | डा. दिवाकर जोशी | पशु चिकित्सक |
| २० | विमला विष्ट | कृषि विकास शाखा |
| २१ | सत्यदेवी खत्री | |
| २२ | मान बहादुर रावत | वडा नं. ४ |
| २३ | ~~मक्क~~ बलसिंह विश्वकर्मा | वडा सदस्य ८ |
| २४ | अमर बहादुर डाँगी | वडा नं. |

| | | |
|---|---|---|
| २५ | गणेश बहादुर थापा | योजना सहायक |
| २६ | दिप प्रसाद अर्याल | सो. इ. |
| २७ | तिल बहादुर वाडी | सा. इ. |
| २८ | मुकेश दाहाल | ५०.क०उ० |
| २९ | रण बहादुर के.सी. | प्रशासन शाखा |
| ३० | Bhuvi कुमार तेलिको | वडा सचिव वडा नं. १ |
| ३१ | नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत | |
| ३२ | दिप बहादुर सापकोटा | वडा नं. ३ नागरिक धर्मा |
| ३३ | बम बहादुर वि.सी. | वडा नं. ६ नागरिक धर्मा |
| ३४ | ठक्क प्रसाद न्यौपाने | वडा नं. ६ |
| ३५ | कर्ण शाही | रोजगार शाखा |
| ३६ | देवीराज न्यौपाने | राजस्व लेखा उ. शाखा |
| ३७ | प्रेम महत | पशुपन्छी विकास शाखा |
| ३८ | रमेश कुमार थापा | प्राविधिक सहायक/दुगापा |
| ३९ | नान कुमारी वि.सी. सि.अ.न.मी.प्र. - स्वास्थ्य शाखा | |
| ४० | किरण सुनार | ना. प. स्वा. प्र. दु. गा. पा. हेल्थ |
| ४१ | चित्र बी. सिंह | व. प्रशासन सहायक " - ५, हेल्थ |
| ४२ | टेकराज गौतम | प्रशासकीय अधिकृत " - ४, " |
| ४३ | जंग बहादुर बुढा | वडा नं. ४ शि. विभाग |
| ४४ | धर्मराज रवाली | नागरिक धर्मा वडा नं. ५ |
| ४५ | महेन्द्र केशर खनाल | शिक्षक श्री पीपल चौतारा मा.वि. |
| ४६ | मान बहादुर भण्डारी | वडा नं. ८ लेखा समिति सदस्य |
| ४७ | तेज कुमारी रेग्मी | म. वि. नि. |
| ४८ | ईश्वर कुमारी खत्री | प्रा. प जनविपदमा विश्वेश्वर |
| ४९ | लिला कुमारी उपाध्याय | ना. प.हे.प्र. |
| ५० | तुलसा न्यौपाने | का. स |
| ५१ | सुरेन्द्र कार्की | वडा नं. ४ |
| ५२ | खड्ग बहादुर भण्डारी | वडा नं. ५ |
| ५३ | माधवप्रसाद पोखरेल | वडा नं. ५ |
| ५४ | चन्द्र बहादुर भण्डारी | वडा नं. ५ |
| ५५ | जयमनारायण पति जैसी | वडा नं. ५ |
| ५६ | पूर्ण बहादुर बुढा | ४ नं. वडा सदस्य |
| ५७ | कमलापति जैसी | वडा नं. ५ |

| | | |
|---|---|---|
| | लक्ष्मण खत्री | स्वास्थ्य शाखा |
| ५८ | नरेन्द्र प्रसाद न्यौपाने | वडा नं. ५ |
| ५९ | मान नं० बुढा | वडा नं. ४ |
| ६० | लैनसिंह बुढा | वडा नं. ४ |
| ६१ | हस्त बहादुर (गुरुङ, बन्जि. हेर्ने) | डुडेश्वर (गा.पा. ६) |
| ६२ | रोशन रावल | प्राविधिक शाखा |
| ६३ | बिला प्रसाद डाहाल | वडा नं. ५ |
| ६४ | डम्मर बाग्ले | वडा नं. ६ |
| ६५ | रविन्द्र कुमार थापा | वडा नं. ३ |
| ६६ | हिरामणी न्यौपाने | डु. गा.पा. ५ |
| ६७ | कमला हिरोमक | डु. गा.पा. ५ |
| ६८ | इन्द्र बहादुर बुढा | वडा नं. ४ |
| ६९ | शिव पोखरेल | वडा नं. ५ |
| ७० | रुद्र प्रसाद खनाल | वडा नं. ६ |
| ७१ | बिष्णु लाल रेग्मी | वडा नं. - ५ |
| ७२ | तर बहादुर राना | वडा नं. ५ |
| ७३ | हस्त ब० राना | वडा नं. ५ |
| ७४ | डम्बर कुमारी शाही | सि अ हेव |
| ७५ | गणेश ब० थापा | से.सा. |
| ७६ | राम प्रसाद न्यौपाने | वडा नं. ५ |
| ७७ | गगन बहादुर थापा | स्वा.पा.स.हे. डुडेश्वर गाउँपालिका |
| ७८ | तिला मल्ल | वडा नं. ५ सौसेक नेपाल |
| ७९ | भक्त बहादुर कार्की | वडा सचिव ४ नं. वडा सचिव |
| ८० | टिकाराम पोखरेल | का० स० |
| ८१ | केशव प्रु खनाल | हलंचा डु.गा.पा. कार्यालय |
| ८२ | आशिष न्यौपाने | का. स " " |
| ८३ | सन्तोष वि. क | गाउँ जहरी डाक्टर |
| ८४ | पदम राज कार्की | ह. ख.ची |
| ८५ | निरोज न्यौपाने | स्वास्थ्य चौकी अध्यक्ष |
| ८६ | कल्पना जैसी पोखरेल | वडा नं. ५ |
| ८७ | हिमलाल शर्मा | सामाजिक सुरक्षा पञ्जीकरण |
| ८८ | धनसिंह रावल | कार्यालय सहयोगी |
| ८९ | दिपक कुमार गौतम | सवारी चालक |

| | | |
|---|---|---|
| ९१ | खड्ग बहादुर खड्का | डु.गा.पा. - ५ |
| ९२ | नारायण प्रसाद पोखरेल | किसान |
| ९३ | छविलाल पोखरेल | किसान |
| ९४ | मणिराम न्यौपाने | किसान |
| ९५ | बालाराम अधिकारी | किसान |
| ९६ | महेन्द्र प्रसाद पोखरेल | का० स० |
| ९७ | कमल शर्मा | सहायक |
| ९८ | कृष्णकमल अधिकारी | श्रा प्रजनन |
| ९९ | कुमारी विष्ट | पोषण सहजकर्ता |
| १०० | तुलाराम जैसी | किसान |
| १०१ | राज बहादुर विश्वकर्मा | शिक्षक |
| १०२ | कुल बहादुर विष्ट | वडा नं. ६ |
| १०३ | गणेश शाही | वडा नं. ५ |
| १०४ | लाल ब० भण्डारी | वडा नं. ५ |

डुगेश्वर गाउँकार्यपालिकाको कार्यालय र विषयगत कार्यालयबाट प्रवाह गरिएको गुणस्तरीय विकास कार्यक्रम र सेवा सुविधाको प्रभावकारिता

विषयक सार्वजनिक सुनुवाई कार्यक्रम

आयोजक : डुगेश्वर गाउँकार्यपालिकाको कार्याल डाडापराजुल ,दैलेख
मिति : २०८३/०४/१५
स्थान : डुगेश्वर गाउँकार्यपालिकाको प्राङ्गण
समय : १.०० ....... बजे देखि ..५.०० ....... बजे सम्म

## गुनासो, पीर मर्का, सुझाव तथा जबाफदेहि बक्ताको जबाफको अभिलेख

| क.स. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, र थर | ठेगाना | लिगं | जातियता | प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| १ | यमबहादुर बिष्टी | डुङ्गेश्वर ६ | पु | क्षेत्री | गाउँपालिकाको बेरुजुको अवस्था के छ। पालिकाले बेरुजु घटाउन के पहल गर्यो। | श्री शमशेर राना प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिकाको बेरुजु ६ करोड पुगेको छ। गत आ.व. मात्र २ करोड देखिएको छ। त्यसमध्ये ६ लाख असुल गर्नु पर्ने बेरुजु छ। बेरुजु घटाउन लगी प्रयत्न गरिएको छ। |
| | '' | '' | '' | '' | गाउँपालिकाले लगानी गरी हालको लिलाम भन्दा कमती लगानीको खोजी किन गरिएन! | सुन्दरबहादुर केसी गाउँपालिका अध्यक्ष | सारा सम्झौता लिलाम गरेको अनुभव प्राप्त हुन साथ लिलाम लिने संग |

| | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, र थर | ठेगाना | लिगं | जातियता | प्रश्न / गुनासो / सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | हेलचोक्न गरेको छौं। हाम्रो गार्डरियर प्रमाणपत्र नलिएका कारण अहिले समस्या देखिएको छ। गाउँपालिकाले आफ्नो लगानी खोल्छ। |
| १ | डम्बर बाग्ले | दुर्गेश्वर | पु | ब्राह्मण | गाउँपालिका वडाहरुमा सार्वजनिक सुनुवाई किन गरिएन। | शीशबहादुर थापा मगर प्रमुख प्रशासकिय अधिकृत | हामीले गाउँपालिका ९ वडामा सार्वजनिक सुनुवाई गर्ने भनेपनि विविध कारणले वडामा सार्वजनिक सुनुवाई गर्न सकेनौं। २ वटा पालिकामा मात्र गर्यौं। |
| | " | " | " | " | गाउँपालिकाले कृषकलाई भ्रमण गरायो त्यसको वास्तविक खर्च कति लागेको गराएस? | रमेश थापा कृषि प्राविधिक | हामीले कृषकहरुको भ्रमण लिंदा वडाको सिफारिस बमोजिम लिएका हौं। ५ लाख बजेटमा २ लाख ८८ हजार भन्दा बढी रकम खर्च गरेको छ। कृषक अध्ययन कृषिसम्बन्धी नयाँ चासो जगाउन भ्रमण गराएका छौं। |

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, र थर | ठेगाना | लिगं | जातियता | प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| २. | ललितप्रसाद पहाल | दुंगेश्वर -४ | पु | ब्राह्मण | शैक्षिक क्षेत्रको नाममा कक्षा ८ को परीक्षाको सेन्टर परिवर्तन गरी वास्तविकता लाई दुःख दिने काम गर्नुभयो | मन बहादुर गौतम शिक्षा शाखा प्रमुख | हामीले गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न सेन्टर परिवर्तन गरेको हो। त्यसैले हाम्रो वास्तविक नतिजा थाहा पाउन र त्यही अनुसार शिक्षकहरूलाई अभिभावक र प्रधानाध्यापक सँग प्रत्येक शिक्षकले कार्य सम्पादन सम्झौता गर्ने तयारी समेत गरेको छौं। |
| ४ | रामप्रसाद थपलिया | ,, | ,, | ,, | गाउँपालिकाको सवारी साधन शनिबार समेत प्रयोग गरिएको छ। त्यसलाई नियमन गर्नुपर्ने, | श्रीरामशेर राणामगर प्रमुख प्रशासकीय अधिकृत | हामीले सवारी साधनमा प्रयोगमा ल्याउने कार्य गरेका छौं। शनिबार कहीं प्रयोग नभएको, यदि भयो भने त्यसलाई कडा कारवाही गर्ने समस्या समाधान गर्छौं। |
| ५ | विष्णुलाल शर्मा | ,, | ,, | ,, | वडा नं ४ देखि पाल्की जाने सडक हिउँदमा कारण आवागमन सहज नभएको छ। त्यसको व्यवस्थापन कहिले हुन्छ। | पर्वलाल शर्मा वडा अध्यक्ष | हामीले सडकलाई सरसफाई गर्न र त्यसको व्यवस्थापन गर्न धेरै पहल गरेका छौं। त्यसको लागि रकम सम्पन्न भएपछि सडक सोली र खाल्डा पुर्ने काम गर्छौं। |

| [illegible] | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, र थर | ठेगाना | लिगं | जातियता | प्रश्न / गुनासो / सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| ६. | मात्रा पुन | डुङ्गेश्वर-४ | म | क्षेत्री | आधारभूत स्कूलमा छात्रवृत्ति वितरण कसरी र कसलाई भइरहेको छ। | कलावती थापा उपाध्यक्ष | पढाइमा राम्रो, गरिब र प्राविधिक विषय पढिरहेकालाई छात्रवृत्ति वितरण गरेका छौं। अहिलेको भन्दा भोली राम्रो प्रयोग गर्ने उद्देश्य हो। |
| ७ | तुलाराम जैसी | ,, ४ | पु | ब्राह्मण | गाउँपालिकाको सेवा सुविधालाई प्रभावकारी बनाउन के गाउँपालिकाले ध्यान दिएको छ। | श्री रामभरे [illegible] प्रमुख प्रशासकीय अधिकृत | हामीले नियमित सेवा दिएका छौं कहीं कतै सेवा प्रवाहमा (समस्या) भए समाधान गरी सेवा प्रवाहलाई सहजता बनाउँदैछौं। |
| ८ | रवीन्द्र थापा | ,, ६ | पु | क्षेत्री | सार्वजनिक सुनुवाईमा नागरिकको उपस्थिति सधैं कम हुँदै गएको छ। | ,, | हामीले सार्वजनिक सुनुवाईमा सहभागी हुन धेरै प्रयास गर्यौं सूचना वडामा, गाउँ टोली बाट सूचना प्रवाहको काम गरेको थियो। [illegible] आउन जानकारी गराउँछौं। |
| | | | | | | | |

सार्वजनिक सुनुवाई कार्यक्रमका तस्बिरहरु











